# नेपाल राष्ट्र बैंक

## प्रेस विज्ञप्ति

यही असार ६ देखि १० गते (June 20 - 24, 2011) सम्म मेक्सिकोको राजधानी मेक्सिको सिटीमा आयोजना हुने Joint FATF/GAFISUD Plenary and Working Group Meetings मा The Asia/Pacific Group on Money Laundering (APGML) को प्रतिनिधिको रुपमा भाग लिन गभर्नर डा. युवराज खतिवडा असार ४ गते त्यसतर्फ प्रस्थान गर्नुभयो ।

उक्त बैठकको सिलसिलामा असार ६ र ७ गते (June 20 - 21, 2011) आयोजना हुने International Cooperation Review Group (ICRG) को बैंठकमा गभर्नर डा. खतिवडाले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी रोक्ने सम्बन्धमा नेपालले गरेको पछिल्लो प्रगति प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

यसै गरी असार ८ देखि १० गते (June 22 - 24, 2011) सम्म सञ्चालन हुने प्लेनरी बैठकमा Financial Action Task Force (FATF) का ३५ सदस्य राष्ट्रहरूका साथै सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाहरूको सहभागिता रहने छ । सो बैठकमा FATF का सदस्य राष्ट्रहरूमा सम्पत्ति शुद्धीकरण निवारण गर्न तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी रोक्न चालिएका कदमहरूको बारेमा छलफल हुने कार्यक्रम रहेको छ ।

गभर्नर डा. खतिवडाको असार १२ गते काठमाडौं फर्कने कार्यक्रम छ ।

गभर्नरको कार्यालय